नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा
शिक्षा विभाग
सानोठिमी, भक्तपुर

प.सं.:- ०७४/०७५ (४.११)
च.नं.:- ४४

फोन : ६-६३८८५३
फ्याक्स : ६-६३५११३
मिति : २०७५/०३/२०

श्री शिक्षा विकास तथा समन्वय इकाई
सबै ।

**विषय : सामुदायिक विद्यालयको प्राविधिक धार तर्फको कक्षा ११ थप गर्ने अनुमति सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस विभाग द्धारा विगतमा सामुदायिक विद्यालयहरुमा प्राविधिक धार तर्फको कक्षा ९–१० सञ्चालन अनुमति प्राप्त गरी २०७४ सालको एस.ई.ई परीक्षामा सहभागी भएका विद्यालयहरुमा शैक्षिक सत्र २०७५ मा कक्षा ११ थप गर्ने अनुमति दिने सम्बन्धमा तपसिल बमोजिम हुन अनुरोध गरिन्छ ।

१. पूर्वाधार पुरा गरेका विद्यालयहरुलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ र प्रचलित अन्य कानून र निर्देशिका वमोजिम आवश्यकता र औचित्यका आधारमा सम्वन्धित स्थानीय तहहरुले निर्णय गरी कक्षा ११ थप अनुमति प्रदान गर्न सक्ने ,

२. सम्बन्धित स्थानीय तहबाट तोकिएको प्रक्रिया पुरा गरी प्राविधिक धारको कक्षा ११ थप गर्ने अनुमति लिई संघिय सरकारबाट अनुदान प्राप्त गर्न चाहने विद्यालयहरुले निम्नानुसारको मापदण्ड तथा पूर्वाधार पुरा गर्नु पर्ने हुदा सो पुरा गरे नगरेको अनुगमन गर्नुहुन र तोकिएको मापदण्ड पुरा नगरेको पाइएमा त्यस्ता विद्यालयहरुलाई अनुदान प्रदान गर्न बाध्य नहुने व्यहोरा समेत अवगत गराईदिनुहुन,

**मापदण्ड तथा पूर्वाधार**

क) ***विषय क्षेत्रगत पूर्वाधार :*** विद्यालयले कक्षा ९ सञ्चालन अनुमति लिंदा शिक्षा विभागसँग गरेको सम्झौतामा उल्लिखित अनुसारको प्रयोगशाला, पुस्तकालय, कक्षा कोठा तथा आवश्यकता अनुसारको फिल्डको व्यवस्थापन गरेको,

ख) ***उपलब्ध स्रोतको व्यवस्थापन :*** शिक्षा विभागबाट प्रदान गरिएको प्रयोगशाला व्यवस्थापन, प्रति विद्यार्थी अनुदान तथा प्रशिक्षक/शिक्षक व्यवस्थापन लगाएतका शिर्षकमा उपलब्ध स्रोत साधनको व्यवस्थापन नियमानुसार भएको ।

ग) ***विद्यार्थी संख्या :*** २०७४ सालको एस.ई.ई. परीक्षामा जि.पि.ए. १.६ वा सो भन्दा वढी ल्याउने १५ वा सो भन्दा वढी विद्यार्थी भएको र कक्षा ११ मा न्यूनतम १५ जना विद्यार्थी भर्ना हुने अवस्था रहेको ।

घ) ***विद्यालयको कार्ययोजना र प्रतिबद्धता :*** प्राविधिक धार तर्फ कक्षा ११ र १२ सञ्चालन गर्न विद्यालयले गरेको पूर्व तयारी, विद्यालय व्यवस्थापन समितिको निर्णय र प्रतिवद्धता तथा सो को कार्य योजना ,

३. माथि बुंदा २ मा उल्लेखित अनुसारका पूर्वाधार तथा मापदण्ड पुरा भएको आधारमा स्थानीय तहबाट अनुमति प्राप्त गर्ने विद्यालयहरुलाई नियमानुसारको अनुदान प्राप्त गर्न सम्बन्धित स्थानीय तहले दिएको कक्षा ११ थप गर्ने अनुमति पत्र र अनुदान प्रदान गर्न स्थानीय तहले दिएको सिफारिस पत्र समेत शिक्षा विकास तथा समन्वय इकाईमा पेस गर्न लगाउने । शिक्षा विकास तथा समन्वय इकाईले स्थानीय तह संगको समन्वयमा तोकिएको मापदण्ड पुरा भए नभएको व्यहोरा खुल्ने विद्यालय अनुगमनको प्रतिवेदन र अनुदान दिन उपयुक्त छ छैन भनि किटानी राय समेत यस विभागमा पठाउने व्यवस्था हुन,

४. तोकिएको मापदण्ड पुरा गरी कक्षा ११ मा प्राविधिक धार सञ्चालन गर्न अनुमति प्राप्त विद्यालयहरुलाई यस विभागद्धारा **मिति २०७४।११।१६** को गोरखापत्रमा प्रकाशित सुचनामा उल्लेख भए बमोजिम स्वीकृत वजेटको परिधी भित्र रही अनुदान उपलब्ध गराईने छ । यसरी अनुदान पउने विद्यालयहरुको अनुगमन शिक्षा विभाग र तोकिएको निकायबाट जुन सुकै वेला हुन सक्नेछ । यसरी अनुगमन गर्दा मापदण्ड विपरित चलेको पाईएमा अनुदान रोक्का वा कटौति समेत हुन सक्नेछ ।

हरिप्रसाद अर्याल
उपनिर्देशक